नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

.........................................................................

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस नोट

आज मिति २०८१ साल माघ ८ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीज्यू समक्ष गणतन्त्र दक्षिण कोरियाका विशेष दूत श्री H.E. Mr. Le Leongkyu र नेपालका लागि कोरियाली राजदुत महामहिम श्री H.E. Mr. Park Tae Young लगायतको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गर्नुभयो।

गणतन्त्र दक्षिण कोरियाका विदेश मन्त्रीका विशेष दूतले नेपाली श्रमिकहरुले दक्षिण कोरिया राम्रो काम गरेको र कोरियाको अर्थतन्त्रमा ठुलो योगदान पुर्याएकोमा उच्च प्रशंसा व्यक्त गर्दै आगामी दिनमा समेत ईपिएस प्रणाली मार्फत नेपाली कामदारलाई कोरिया लैजाने र सीपयुक्त कामदारलाई अवसर दिने सम्बन्धमा समेत दक्षिण कोरिया सकारात्मक रहेको बताउनु भयो।

माननीय मन्त्रीज्यूले वैदेशिक रोजगारीका लागि नेपालीहरुको उत्कृष्ट गन्तव्य मुलुकको रुपमा रहेकोले रोजगारीका अवसरहरुमा नेपाली कामदारलाई उच्च प्राथमिकता दिनुका साथै सीपयुक्त जनशक्ति निर्माण गर्ने कार्यमा समेत सहकार्यका लागि आग्रह गर्दै विशेषदूत लगायत प्रतिनिधि मण्डललाई धन्यवाद दिनुभयो।

(बसन्त बहादुर बोहरा)
सहायक प्रवक्ता

मिति २०८१ साल माघ ८

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np